स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री नीति शाह विवाह बन्धनमा बाँधिएकी छन्। उनले शुक्रबार याञ्चित राणासँग परम्परागत विधिअनुसार विवाह गरेकी हुन्। उनको वैवाहिक समारोह झम्सिखेलस्थित न्यु प्लाजामा चलिरहेको छ। विवाहमा दुवै तर्फका परिवारका नजिकका आफन्त र साथीभाइ सहभागी छन्। राणासँग नीतिले कानुनी विवाह गत वैशाखमा काठमाडौं जिल्ला अदालतमा गरेकी थिइन्।

**आजको विचार...**



फेरि... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



कृषा चौलागाईंले निर्देशन गर्ने फिल्म 'पारस' को शीर्ष भूमिकामा सुशील श्रेष्ठ अनुबन्धित भएका छन्। केही समयअघि नै सुशीलले फिल्म साइन गरेपनि शुक्रबार मात्र यसको औपचारिक घोषण गरिएको हो। यसअघि यो फिल्ममा निखिल उप्रेती, निरुता सिंह, जसिता गुरुङ, प्रियंका कार्की अनुबन्धित भैसकेका छन्। पछिल्लो समय एक्सन फिल्ममा चम्किएका सुशीलले चौलागाईंको आगामी एक्सन थ्रीलरमा आफूलाई प्रस्तुत गर्न लागेका हुन्।

❐ वर्ष ३१ ❐ अंक २०५ ❐ २०८१ फागुन १० गते आइतबार 22 February 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### अमेरिकी आक्रमणमा तीनको मृत्यु

(रासस/एएफपी)

**वासिङ्टन,** फागुन ९/अमेरिकी सेनाले शुक्रबारदेखि पूर्वी प्रशान्तमा लागु-औषध तस्करी गर्नेहरू विरुद्ध आक्रमण सुरु गरेको जनाउँदै आक्रमणमा तीन जनाको मृत्यु भएको जनाएको छ । संयुक्त टास्क फोर्स साउदर्न स्पियरले आतङ्कवादी सङ्गठनहरूद्वारा सञ्चालित जहाजमा घातक आक्रमण गरेको जनाइएको छ भने युएस साउदर्न कमान्डले सामाजिक सञ्जाल एक्समार्फत कारबाहीका क्रममा नार्को-तस्करी मार्गमा तीन जना नार्को-आतङ्कवादी मारिएको पुष्टि गरेको छ । पोस्टमा आक्रमणको भिडियो समावेश गरिएको थियो भने यसमा बम प्रहार र आगो लाग्नुअघि डुङ्गाको हवाई दृश्य देखाइएको थियो । संयुक्त राज्य अमेरिकाले सेप्टेम्बरको सुरुमा कथित तस्करी डुङ्गाहरूलाई लक्षित आक्रमण सुरु गरेपछि १५० जनाको मृत्यु हुनुका साथै दर्जनौं जहाज नष्ट भएको जनाइएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा संयुक्त राज्य अमेरिकाले अवैध गतिविधिको निश्चित प्रमाण विना निरन्तर आक्रमण गरेको भन्दै कानूनविदहरूले मृत्युका अतिरिक्त अन्य कारवाही गर्ने सकिने विचार व्यक्त गरेका छन् ।

## पाल्पा क्षेत्र नं. २ प्रतिनिधि सभा निर्वाचन

# मतदाता भन्छन्,–'हाम्रा समस्या बुझ्ने नेतालाई भोट दिन्छौं'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ९/आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरु मतदाता रिझाउन घरदैलो गरिरहेका छन् । घरदैलोमा पुग्ने नेतालाई पाल्पा क्षेत्र नं. २ का मतदाताले विकास, सुशासन र रोजगार सिर्जना गर्नुपर्ने माग गरेका छन् ।

हरेक चुनावमा आश्वासन मात्रै दिने तर चुनाव जितेपछि काम नगर्ने प्रवृत्ति दोहोरी रहेको उनीहरुको गुनासो छ । यहाँ ग्रामीण क्षेत्रका मतदाताहरुले आफुहरुको समस्या बुझ्ने नेतालाई भोटदिने बताएका छन् । पाल्पा क्षेत्र नं २ अन्तर्गत तिनाउ गाउँपालिका-४ सत्यवतीका मीनबहादुर



चौहानले हरेक पटकका निर्वाचनमा पानी ल्याइदिन भने पनि आफुहरुको समस्या कसैले नसुनेको बताए । उनले भने" चैत, बैशाख लाग्नासाथ गाउँमा आउने खानेपानीका मुहान सुक्छन् । त्यसपछि बिहानै उठेर पिउने पानी खोज्दै खोल्साका कुवा धाउनुपर्छ । सबेरै नजाने हो भने कुवाको पानी पनि नपाइने चिन्ता हुन्छ, ।" हाम्रीलाई जसले खानेपानी ल्याइदिन्छ उसैलाई भोट दिने उनको भनाई छ । यो समस्या उनको मात्र होइन यस क्षेत्रका ३ सय ५० परिवार वर्षौंदेखि खानेपानी समस्या भोग्दै आएका छन् । तिनाउ कचलका थर्कबहादुर बगालेले बिगतमा धेरै पार्टीका नेताले स्थानीयको सबै माग पूरा गर्ने भन्दै निवार्चनका बेला झुक्याएर भोट लिए पनि यसपटक भने बिगतमा जस्तो प्रतिबद्धता मात्र जनाउने तर काम नगर्नेलाई कुनै हालतमा भोट नदिने बताउँछन् । मतदाताको मागप्रति बेवास्ता गर्ने र आफ्नो मात्र फाइदा उठाउनेलाई भोट नदिने गाउँलेहरूले निर्णय गरेको उनले बताए । "जसले स्थानीयको माग पूरा गर्छ । त्यसले भोट पाउँछ । नत्र बहिस्कार हुन्छ । नेतालाई भोट चाहिएको छ भने जनताको समस्या बारेमा बुझ्न जरुरी छ । अब पहिलाको जस्तो जनतालाई भ्रममा नपारे हुन्छ । पहिलाको जस्तो जनता झुक्याउने काम नगरे हुन्छ," बगालेले भने । बगनासकाली-१, घोरबन्दाकी सुमित्रा कुमालले पनि प्रत्येक निर्वाचनमा गाउँमा आएर उम्मेदवारले आश्वासन बाँडे पनि स्थानीयका समस्या हल नगरेको गुनासो गरिन् । ५० प्रतिशत कुमाल समुदायको बसोबास रहेको यहाँका अधिकास मतदाताको मजदुरी नगरी साँझा विहान चुलो बल्दैन । "केही वर्षअघिसम्म त ज्याला मजदुरी गरेर पनि गुजारा चलाउन सकिन्थ्यो तर अहिले त काम खोज्दै बजार गयो, ज्याला मजदुरी नपाउने अवस्था छ" सुमित्राले भनिन् "यहाँ रोजगार नपाएपछि गाउँका युवाजति विदेशतिर गए । गाउँमा त बुढाबुढी मात्र छन् ।" उनले गाउँमै गरिखाने वातावरण बनाइदिनेलाई भोट दिने बताईन् । "धेरै पटक मतदान गरिसकें तर कुनै पनि नेताले आफ्नो वाचाअनुसार काम गरेको देखिँदैन । देशमा भनेजस्तो रोजगार नहुँदा दिनहुँ लाखौं युवा विदेसिनु पर्ने बाध्यता छ", उनले भनिन्, "देशमै कृषि गरौं भने पनि भनेको बेला सिँचाइ, मल, बीउ नपाउने समस्या छ ।" यहाँका अधिकांसले दैनिक मजदुरी नगरे खान पाउँदैनन् । सदरमुकामदेखि नजिकको बस्ती भए पनि बेरोजगारीसँगै स्वास्थ्य र शिक्षाको अभाव छ । रैनादेवी छहराका तुलबहादुर पोखरेलले नयाँ पुराना पार्टीले जनताको हितमा काम गर्न नसकेको गुनासो गरे । लामो इतिहास बोकेका र भर्खर खुलेका पार्टीको विकास तथा सुशासन स्थापित गर्ने एउटै धारणा हुनुपर्ने उनको भनाइ छ । विकट गाउँ बस्तीका नागरिक आधारभूत सेवा पाउनबाट वञ्चित रहेका सुनाउँदै चुनाव जितेपछि उनीहरुको समस्या बुझेर काम गर्ने नेताको आवश्यकता रहेको पोखरेल बताउन्छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## निष्पक्ष निर्वाचन गराउन प्रधानमन्त्रीको निर्देशन



**बुटवल,** फागुन ९/प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गराउन सुरक्षा निकायलाई निर्देशन दिएकी छन् । शनिबार लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गराउने गरी तयारीका साथ काम गर्न निर्देशन दिएकी हुन् ।

प्रधानमन्त्री कार्कीले मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिएकी छन् जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरुपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको जनाइएको छ । जिल्लागत रुपमा मतदानस्थललाई चुनौती पहिचान गरी तिनलाई वर्गीकरण गरेर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको एकीकृत सुरक्षा योजनाअनुरुप अघि बढ्न प्रधानमन्त्री कार्कीले निर्देशन दिएकी छन् ।

## पाल्पामा उच्च सुरक्षा सतर्कता : नमुना मतदान र सुरक्षा अभ्यास

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन ९/आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी पा पाल्पामा उच्च सर्तकता अपनाईको छ । निर्वाचन सुरक्षालाई प्रभावकारी बनाउन नमुना मतदान र मतदान केन्द्रको सुरक्षा अभ्यास गराउँदै यहाँ उच्च सुरक्षा सर्तकता अपनाइएको हो ।

निर्वाचनको दिन शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले यहाँ सुरक्षामा खटिने सुरक्षाकर्मीलाई नमुना अभ्यास गराइएको छ । निर्वाचन एकीकृत सुरक्षा समिति पाल्पाले मतदानको दिन आइपर्ने चुनौतीलाई मध्यनजर गर्दै तानसेनमा एक विशेष नमुना मतदान तथा सुरक्षा रणनीति अभ्यास गराएको गरेको छ । निर्वाचनमा खटिने निर्वाचन प्रहरी सहित राज्यका ३ वटै सुरक्षा निकायहरु



निर्वाचनको माहोललाई शान्तीपुर्ण बनाउन दिनरात खटिएका छन् । मतदान स्थलमा हुने सुरक्षा चुनौती अभ्यासका क्रममा कुनै समूहले नियम विपरित जवरजस्ती मतदानस्थल कब्जा गर्न खोज्दा उत्पन्न हुने तनावलाई एकिकृत निर्वाचन सुरक्षाकर्मीले व्यबस्थापन गरी समाधानको नमुना अभ्यास तानसेनस्थित टुँडिखेलमा देखाईएको हो । प्रर्दशनमा मतदान स्थलको पहिलो घेरामा रहेको नेपाल प्रहरीले स्थिति नियन्त्रणमा लिन नसकेपछि सशस्त्र प्रहरी र अन्त्यमा नेपाली सेनाको समन्वय र मतदान अधिकृतको सहजीकरणबाट समस्या समाधान उपाय देखाइएको थियो । निर्वाचनको दिन हुन सक्ने सुरक्षा चुनौतीलाई मध्यनजर गरी नेपाली सेना दि फेमस महिन्द्र दल गणको अगुवाईमा एकिकृत सुरक्षा चुनौती सहितको नमुना मतदान समेत गराईको छ । निर्वाचनको सुरक्षामा नेपाली सेना तेस्रो घेरामा रहन्छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रयासले मात्र स्थिति नियन्त्रणमा आएन भने एकीकृत सुरक्षा योजना अन्तर्गत सेना मतदान स्थलमै परिचालन हुन्छ । नमुना अभ्यासमा रणनीतिक सुरक्षा र वार्ता मार्फत रोकिएको मतदान सुचारु गर्ने भन्ने सफल परीक्षण गरिएको दि फेमस महेन्द्र दल गण पाल्पाका प्रमुख सेनानी शान्त कुमार थापाले बताए । निर्वाचनको पहिलो र मुख्य सुरक्षा घेरामा नेपाल प्रहरी, निर्वाचन प्रहरी खटिन्छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## चुनावी खर्च पारदर्शी बनाऊ

लोकतन्त्रको सबलता स्वतन्त्र, निष्पक्ष र स्वच्छ निर्वाचनसँग गाँसिएको हुन्छ । तर, निर्वाचन स्वच्छ मात्र मतदान प्रक्रियाबाट सुनिश्चित हुँदैन । उम्मेदवार र राजनीतिक दलले गर्ने खर्च कति पारदर्शी, जवाफदेही र कानूनी दायराभित्र छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन्छ । त्यही भएर निर्वाचन आयोगले निर्वाचन खर्चलाई पादर्शी बनाउने प्रयास गरेको छ । यसलाई सकारात्मक र समयसापेक्ष मान्नुपर्छ । तर आयोगको प्रयासलाई धेरैजसो उम्मेदवारले अटेर गरेका छन् । चन्दा संकलन तथा खर्च प्रयोजनका लागि उम्मेदवारलाई नयाँ खाता खोल्न आयोगले निर्देशन दिए पनि ३ हजार ४ सय ६ उम्मेदवारमध्ये ८ सय ६७ ले मात्र खाता खोलेका छन् । राजनीतिक दलका उम्मेदवारलाई आम निर्वाचनको सिलसिलामा गरिने प्रचारप्रसार खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गराउन निर्वाचन आयोग ऐन २०७३ को दफा ५० बमोजिम खाता खोल्न आग्रह गरिएको हो ।

दल र उम्मेदवारले गर्ने खर्च भने अपारदर्शी हुन्छ । विजेता र उपविजेताहरूले निर्वाचन आयोगले तोकेको दायराभन्दा कैयौं बढी खर्च गर्ने गरेको यस अघिका अध्ययन र सार्वजनिक अभिव्यक्तिबाट प्रस्ट भइसकेको विषय हो । यस्तो स्थितिले निर्वाचनलाई खर्चिलो बनाएको छ नै, भ्रष्टाचारको बीउको पनि काम गरेको छ । त्यसैले राजनीतिक दल तथा उम्मेदवारको खर्चलाई व्यवस्थित बनाउने निर्वाचन आयोगको प्रयत्नलाई राजनीतिक दल तथा उम्मेदवारले साथ दिनुपर्छ । अघिल्ला निर्वाचनमा आर्थिक पारदर्शिताविना नै करोडौं रुपियाँ खर्च गर्ने प्रचलन थियो । अब त्यस्तो प्रचलनको अन्त्य हुनुपर्छ । अब उम्मेदवारले प्रचारप्रसार खर्च गर्दा चुनावी खताबाट बैंकिङ प्रणालीको अनिवार्य प्रयोग गर्नुपर्छ । अहिले नै तोकिएभन्दा बढी खर्च गर्ने, आम्दानीको स्रोत र खर्च लुकाउने दल र उम्मेदवारले निर्वाचन जितेपछि सुशासनको पक्षपोषण गर्ने र पहलकदमी लिने नैतिक बल राख्दैनन्, त्यस्तो नियत पनि उनीहरूको हुँदैन । त्यसैले जित मात्रै सबैथोक होइन, आर्थिक पारदर्शितासहित एजेन्डामा आधारित भएर जितिएको निर्वाचनले मात्रै लोकतन्त्रलाई समृद्ध बनाउन सघाउँछ । तसर्थ लोकतन्त्रलाई बलियो र समृद्ध बनाउन उम्मेदवारहरुले चुनावी खर्चमा पारदर्शी बन्नै पर्छ ।

### Opinion @ Social Network

चाहनाले कुनै चीज आफ्नो हुदैन
हरेक मुस्कान खुसीको हुदैन ।
*(कमला कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# फेरि एउटा आशाको पर्खाइ : फागुन २१




*विगतमा विभिन्न भोट केन्द्रीत चुनावी नारा र नीति तय गरेका,आसवासनका पोका बाड्ने राजनीतिक दलहरु बिच यो पटक भने नयाँ बोतलमा पुरानो रक्सी भनेझै आफुलाई सबै भन्दा नयाँ, देश र जनताको हितमा काम गर्ने, देश भक्ति पाटीको रुपमा उभ्याउने अघोषित प्रतिस्पर्धा नै चलेको देखिन्छ । उनीहरुलाई भ्याई नभ्याई छ छेपारोले रंग फेरेझै आफु र आफ्नो दललाई सबै भन्दा नयाँ प्रमाणित गर्ने कुरामा । केहि राजनीतिक दल देश जलाएको खरानी माथी टेकेर आफुलाई देश बनाउने पार्टीको रुपमा आफुलाई प्रमाणित गर्न खोज्दैछन् । विगतमा भष्ट्राचार, बेथिती, ठगी र लुटतन्त्रलाई प्रोत्साहन गरेका केहि दलले सुशासन र विधिको शाशन स्थापित गर्ने भजन गायी रहेको देखिन्छ । कमिशन, गैर कानुनी लेनदेन र व्यक्तिगत स्वार्थका लागि बजेट र योजना बनाउनेहरु समृद्धि, औद्योगिकरण र रोजगारीका कुरा गर्दैछन् । यी सवै कतै हात्तीको देखाउने दातँ जस्तै त होइनन् ? चुनाव जित्ने मिठो ललिपप त होइन ? जनता भने प्रश्न र आशंकाको घेरामा देखिन्छन् ।*

*एक थान चुनाव हुँदैमा, २०८४ को चुनाव २०८२ मा आउँदैमा देश विकास हुने, देशमा सुशाशन स्थापित हुने, चरम अवस्थामा रहेको भष्ट्राचार र वेथितिको अन्त्य हुन्छ भन्नु दिवा सपना जस्तै देखिन्छ । यहि आशमा नेपालीले कहिले मध्यावधिका नाममा कहिले परिवर्तनका नाममा पटक-पटक चुनाव देखेकै छन्, मतअधिकारको प्रयोग गरेकै छन् । देश र जनताको जल्दा बल्दा समस्या र सम्भावनामा केन्द्रीत संसदका महत्वपूर्ण समयहरु व्यक्तिगत स्वार्थमा, आरोप -प्रत्यारोप, सत्ताको हिसाव किताबमा र अबरोधमै बेथित गरेको नमिठो इतिहास हामीसँग ताजै रहेको छ ।*

राजनीतिक स्थिरता, स्थिर सरकार, सुशासन र अमनचयन देश विकासका आधारहरु हुन् तर यी सबै नेपालका लागि कल्पनाका विषयबस्तु बन्दै गएका छन् । पुस्ताहरु हस्तान्तरण हुँदै गए । दशकौं अवधि बेथित हुँदै गए तर सुन्दर, शान्त देशको कल्पना एउटा दिवा सपना जस्तै बन्दै गएको छ । राणाकालिन समय हुँदै जेनजी युवा बिद्रोहसम्म आईपुग्दा देशका लागि स्थिर सरकार र स्थिर राजनीति कथा जस्तै बन्न पुगेको छ । आम जनता भने आफ्नो इमान्दारिता र कर्तव्यबाट कहिलै पछि हटेनन् तर पछि हटे जनताबाट पटक-पटक विश्वास प्राप्त गरेका राजनीतिक नेतृत्व । उनीहरु संसदलाई संसद जस्तो बनाएनन्, सरकारलाई सरकार जस्तो गरि सञ्चालन गरेनन् । मात्रै समय बेथित भयो, आरोप प्रत्यारोप, व्यक्तिगत स्वार्थ,गैरकानुनी लेनदेन,सत्ता केन्द्रीत म्युजिकल चियर रेसमै । यही थियो सरकारहरु अलोकप्रिय हुँदै जानु र जनतामा असन्तुष्टि बढ्दै जानुको मुख्य कारण ।

यहि पृष्ठभूमिमा नेपालको इतिहासमा फेरि एउटा चुनावको संख्या थपिदै छ फागुन २१ । फागुन २१ यो चुनाव मात्रै होइन जनमत संग्रह पनि हो नयाँ र पुराना सोच बिचको यो चुनाव मात्रै होइन जेनजी युवा बिद्रोहबाट सिर्जित एक घटना हो । यो जेनजी आन्दोलनको निष्कर्ष विन्दु पनि हो । राजनैतिक अस्थिरता र परम्परावादी सोचको अन्त्यसँगै आशा, सम्भावना र परिवर्तनका सोचहरुले स्थान पाउने दिन पनि हो । बास्तविक देशको माटोलाई माया गर्नेहरुको शिर ठाडो हुने दिन हो । फागुन २१ पछि नेपाली माटोमा आशाका किरणहरु छाउनु पर्दछ । यहाँ संघीय निर्वाचन फागुन २१ र यसैसँग सम्वन्धित विविध पक्षहरुलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

विगतमा विभिन्न भोट केन्द्रीत चुनावी नारा र नीति तय गरेका,आसवासनका पोका बाड्ने राजनीतिक दलहरु बिच यो पटक भने नयाँ बोतलमा पुरानो रक्सी भनेझै आफुलाई सबै भन्दा नयाँ, देश र जनताको हितमा काम गर्ने, देश भक्ति पाटीको रुपमा उभ्याउने अघोषित प्रतिस्पर्धा नै चलेको देखिन्छ । उनीहरुलाई भ्याई नभ्याई छ छेपारोले रंग फेरेझै आफु र आफ्नो दललाई सबै भन्दा नयाँ प्रमाणित गर्ने कुरामा । केहि राजनीतिक दल देश जलाएको खरानी माथी टेकेर आफुलाई देश बनाउने पार्टीको रुपमा आफुलाई प्रमाणित गर्न खोज्दैछन् । विगतमा भष्ट्राचार, बेथिती, ठगी र लुटतन्त्रलाई प्रोत्साहन गरेका केहि दलले सुशासन र विधिको शाशन स्थापित गर्ने भजन गायी रहेको देखिन्छ । कमिशन, गैर कानुनी लेनदेन र व्यक्तिगत स्वार्थका लागि बजेट र योजना बनाउनेहरु समृद्धि, औद्योगिकरण र रोजगारीका कुरा गर्दैछन् । यी सवै कतै हात्तीको देखाउने दातँ जस्तै त होइनन् ? चुनाव जित्ने मिठो ललिपप त होइन ? जनता भने प्रश्न र आशंकाको घेरामा देखिन्छन् ।

एक थान चुनाव हुँदैमा, २०८४ को चुनाव २०८२ मा आउँदैमा देश विकास हुने, देशमा सुशाशन स्थापित हुने, चरम अवस्थामा रहेको भष्ट्राचार र वेथितिको अन्त्य हुन्छ भन्नु दिवा सपना जस्तै देखिन्छ । यहि आशमा नेपालीले कहिले मध्यावधिका नाममा कहिले परिवर्तनका नाममा पटक-पटक चुनाव देखेकै छन्, मतअधिकारको प्रयोग गरेकै छन् । चुनाव अगाडि र चुनाव पछाडीका राजनीतिक नेतृत्वको व्यबहार र कार्यशैली पनि देखेकै छन् । देश र जनताको जल्दा बल्दा समस्या र सम्भावनामा केन्द्रीत संसदका महत्वपूर्ण समयहरु व्यक्तिगत स्वार्थमा, आरोप - प्रत्यारोप, सत्ताको हिसाव किताबमा र अबरोधमै बेथित गरेको नमिठो इतिहास हामीसँग ताजै रहेको छ । त्यसैले चुनाव र नयाँ नेतृत्व चयन मात्रै समाधानको एक मात्रै विकल्प हैन् परम्पराबाट माथि उठ्न नसकेको, कागज र ऐन नियमलाई बहान बनाएर काम नगर्ने कर्मचारीतन्त्र, झन्झटीलो कानुनी प्रक्रिया, राजनीतिकरणले गाजिएको राज्यका संयन्त्र, न्याय प्रणालीमा पनि आमूल परिवर्तनको आवश्यकता देखिन्छ । जनताको आशा यहि छ अब बन्ने संसद र सरकारले यी पक्षमा सुधार गर्न जरुरी देखिन्छ ।

पछिल्लो समय नेपालमा देश र माटोको आवश्यकता एकातिर तर योजना र बजेट अर्को तिर असमानुपातिक बाडँफाँड गर्ने प्रवृत्ती मौलाउदै गएको छ । यस्तै गरी नेपालको अरवौ रकम अनुत्पादक भ्यूटावर, हुँदै नभएको पानीजहाज कार्यालयका लागि ,प्रयोग विहिन ठूला-ठूला भवनका लागि खर्च गरिएको छ । कसैको भाषण पुरा गर्न, व्यक्तिगत इगो पुरा गर्न देशको आवश्यकता भन्दा वाहिरका लागि बजेट खर्च गर्ने, केहि सिमित वर्ग रमाउने योजना छनौट, योजना निमार्ण अब हुनुहुँदैन् । समानुपातिक, देश र जनतालाई प्रत्यक्ष हित हुने बजेट बन्नुपर्दछ, योजना बन्नु पर्दछ । अब अनुत्पादक खर्च हुने । अल्पकालिन सस्तो लोकप्रियताका लागि काम गर्नु हुदैन् । अब बन्द भएका उद्योगहरु सञ्चालनमा आउनुपर्दछ । देशमा औद्योगिकरणको वातावरण बनाउनु पर्दछ । देश भित्रै रोजगारी सिर्जना गरि बढ्दो युवा पलायनलाई रोक्नु पर्दछ । विकासका पूर्वाधारलाई जनताको दैनिकी सुधारसँग जोड्न जरुरी छ । यसो भएमा जनतामा आशा जगाउन सकिने देखिन्छ ।

वैदेशिक ऋण र अनुदानकै भरमा राज्यको नयाँ सरचना सफल भएको परिभाषा दिने प्रवृत्तीको अन्त्य हुनुपर्दछ । अब बन्ने संसद र सरकारले सर्वपक्षीय सहमतिको वातावरण तयार गरि संघीयतालाई जनभावना र मितव्ययी बनाउन जरुरी देखिन्छ । राज्यको नयाँ सरचनाले गर्दा दिन प्रति दिन बढ्दै गएको वैदेशिक ऋणमा कमि ल्याउनु पर्दछ । यसका लागि संसद, मन्त्री र मन्त्रालय, कर्मचारी र दरबन्दी, प्रदेश र स्थानीय तहहरुमा फैलिएको आर्थिक बेथिती र स्वेच्छाचारीताको अन्त्य गरि जनतालाई आशावादी बनाउदै राज्य सञ्चालन गर्नु अर्को कदमको रुपमा रहेको छ ।

**निष्कर्ष :**

वि.स. २०८४ को चुनाव वि.स.२०८२ मा गर्दैमा, संसदमा केहि युवा र नयाँ अनुहार आउदैमा र फेरि एक थान सरकार बन्दैमा देशका तमाम वेथिती र समस्याहरु समाधान हुने कुरामा ढुक्क भने हुन सकिने देखिदैन । देशको कर्मचारीतन्त्र,राज्यका संयन्त्र,संवैधानिक अंगहरु, न्यायिक क्षेत्रमा आमूल परिवर्तन अनिवार्य शर्त बन्नु पर्दछ । चर्को भाषण, विपक्षलाई आरोप प्रत्यारोप गरे जस्तो सजिलो हुँदैन् राज्य सञ्चालन गर्ने कुरा त्यसैले आवेग ,भावनामा बगेर गलत व्यक्ति छनौट हुने गरी मतदान नगरौ । फागुन २१ एउटा परम्परालाई अगाडि बढाउने चुनाव मात्रै नबनोस् परम्पराको क्रम भंग बनोस् । केहि सिमित बर्गमा घुमिरहेको देशको साशन व्यवस्था सञ्चालनको परम्परा तोडियोस् । देशका तमाम समस्या समाधान गर्दै चौतर्फी सम्भावना र आशाका किरणहरु छाउन फागुन २१ कोसेढुङ्गा बनोस् । यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोजगारमा सफलता मिल्नेछ। अस्वस्थ्य अवस्थामा पनि काममा खटिनुपर्ला। | **तुला** : प्रतिस्पर्धीहरूको चलखेल बढ्नेछ। स्वास्थ्यलाई लिएर ध्यान दिनुहोस्। |
| **वृष** : व्यापार विस्तारलाई लिएर बनाएका योजनाहरू क्रियान्वित गर्ने समय रहेको छ। | **वृश्चिक** : शैक्षिक क्षेत्र फराकिलो हुनाले बौद्धिक क्षेत्रमा विकास हुनेछ। |
| **मिथुन** : कामबाट लाभ मिल्नेछ। पिताको सहयोगले रोकिएको कार्य सम्पादन हुनेछ। | **धनु** : वादविवाद सुल्झाउन समय रहेको छ। आर्थिक पक्ष कमजोर रहनेछ । |
| **कर्कट** : धार्मिक यात्रा सफल रहनेछ। दिन रमाइलो वा मनोरञ्जनात्मक रहनेछ। | **मकर** : गुप्त योजनाहरू सार्वजनिक नगर्नुहोला। भाग्यको साथ मिल्नेछ। |
| **सिंह** : ज्ञानमा रुचि बढ्नेछ।धैर्यताको कमीले आयको अवसर गुमाउनुपर्ला। | **कुम्भ** : ज्ञानलाई निखार्ने समय रहेको छ। रचनात्मक कार्यमा रुचि बढ्नेछ। |
| **कन्या** : जीवनसाथीबाट उपहार प्राप्त होला। महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। | **मीन** : चल र अचल दुवै सम्पत्तिको उपयोगबाट फाइदा उठाउन सकिनेछ। |

# सुन्तला बेचेर २० लाख आम्दानी



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका किसान विकास श्रेष्ठले यस वर्ष रु २० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन् । १५ रोपनी क्षेत्रफलमा व्यावसायिक सुन्तलाखेती गरेका श्रेष्ठले म्याग्दीमा सबैभन्दा पछाडि सुन्तला टिपेर बजार पठाउँदा सामान्य अवस्थाको तुलनामा दोब्बर बढी मूल्यमा बिक्री गरेका हुन् । श्रेष्ठले सञ्चालन गरेको अन्नपूर्ण फलफूल तथा तरकारी फार्मबाट प्रतिकिलोग्राम दुई सयका दरले काठमाडौँबाट आएका व्यापारीले सुन्तला खरिद गरेर लगेका हुन् । म्याग्दीमा पुस महिनामा प्रतिकिलो रु ७० का दरले सुन्तला बिक्री भएको थियो । "माघ लागेदेखि बढ्न सुरु भएको सुन्तलाको मूल्य फागुन २ गतेसम्म प्रतिकिलो रु दुई सयसम्म परेको हो," श्रेष्ठले भने "गत वर्षको तुलनामा यसपाली उत्पादन ४० प्रतिशतले घटेपनि मूल्य राम्रो पाउँदा आम्दानीमा असर परेन् ।"उनले गत वर्ष सरदर प्रतिकिलो रु एक सयका दरले रु १५ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेको थियो । श्रेष्ठको बगैँचामा रहेका ७०० मध्ये हाल ३०० बोटमा यसपाली फल लागेको थियो । श्रेष्ठले आफ्नो बाहेक अन्य किसानको थप रु एक करोड ३० लाखको सुन्तला पनि बिक्रीको व्यवस्था मिलाएका छन् । दोसल्लेका ४२ घरपरिवार किसानले यस वर्ष रु दुई करोड मूल्य बराबरको सुन्तला बिक्री गरेका दोसल्ले सुन्तलाजात किसान समूहका अध्यक्ष प्रेम पाइजाले जानकारी दिए । बेनीमा पोल्ट्री र घरजग्गा व्यवसाय गर्दै आउनु भएका विकासले विसं २०७६ मा सोखका लागि गाउँमा घर बनाएर बस्नका लागि किनेको दोसल्ले गाउँको शिरमा रहेको जङ्गलछेउको भिरालो पाखोबारी अहिले हराभरा भएको छ । पाखोबारीलाई घेराबार गर्ने, गरो बनाउने, खाडल खनेर सुन्तलाका बिरुवा लगाउने, गोडमेल, मलजल गर्न, संरचना बनाउन र जग्गा खरिदसहित फार्ममा रु तीन करोड ५० लाख लगानी भएको श्रेष्ठले बताए । "कृषिबाट यति राम्रो कमाइ होला भनेर सोचेको थिइन्, गर्न सकेमा हुँदोरहेछ भन्ने मैले महसुस र अनुभव गरेँ," उनले भने "थप जमिन खरिद गरेर फार्म विस्तार गर्दैछु ।" उनको फार्ममा तीन जनाले नियमित रोजगारी पाएका छन् । सुन्तलाखेतीसँगै उक्त फार्ममा लोकल र बोइलर जातका कुखुरा पनि पालिएको छ । सुन्तलाका लागि कुखुराको सुलीको मल उपयोगी हुने श्रेष्ठको अनुभव छ । कृषि फार्मका लागि सरकारी निकायबाट हालसम्म अनुदान नलिएको श्रेष्ठले बताए । काठमाडौँको बल्खुका व्यापारीसँग सिधैँ सम्पर्क गरेर सुन्तला पठाउन थालेपछि उचित मूल्य पाएको र बजार सुनिश्चित भएको उनले बताए । घरजग्गा व्यापार छाडेर कृषि व्यवसायमा लागेका श्रेष्ठले बेनीमा दाना र चल्लाको व्यापार गर्ने जलेश्वर पोल्ट्री फर्म सञ्चालनको जिम्मा छोरा आदेशलाई जिम्मा लगाउनुभएको छ । अवसर, सुविधा र रोजगारीका लागि विदेश र सहर पस्ने क्रम बढिरहेको अवस्थामा बजारबाट गाउँ गएर कृषि व्यवसाय गरेका श्रेष्ठ किसानका लागि उदाहरणको पात्र बनेका दोसल्लेका अगुवा किसान खगवीर पाइजाले बताए । "उनि (विकास)ले बाँझिएको जग्गालाई सदुपयोग मात्र गरेका छनैन्," पाइजाले भने "गाउँमा सुन्तला खेतीका लागि नयाँ प्रविधि भित्र्याएका छन् । उनको सिको गरेर बजार झरेका गाउँ फर्किएर सुन्तलाखेती गरेका छन् ।" सुन्तला खेतीका लागि जग्गा किन्न आउनेहरु बढेका र खेतबारीको भाउ पनि बढेको पाइजाले बताए । विकासको सुन्तला बगैँचा अवलोकनका लागि बेनी र आसपासका ठाउँबाट किसान तथा व्यवसायी आउने गरेका छन् । उक्त बगैँचाबाट पृष्ठभूमिमा निलगिरि र धौलागिरि हिमाल देखिन्छ । बगैँचाकोबीच भागमा पाहुना र आफू बस्नका लागि घर बनाएका श्रेष्ठको फार्मलाई कृषि पर्यटनसँग जोड्ने योजना छ । समुन्द्री सतहदेखि एक हजार पाँच सय मिटर उचाइमा रहेको दोसल्लेका किसानले सुन्तला खेतीलाई मुख्य आयस्रोत बनाएका छन् ।

*-रासस*

# गहुँका जरामा कीरा र पातमा ढुसी



चितवनमा लगाइएको गहुँमा नयाँ रोग देखिएको छ । जरामा लाही (कीरा) र पातमा ढुसी लागे जस्तो समस्या अहिले यहाँ लगाइएको गहुँमा देखिएको छ । भरतपुर महानगरपालिकाका किसानले लगाएको गहुँमा यो समस्या देखिएको हो । कृषि विकास कार्यालयका अनुसार तराई क्षेत्रमा देखिँदै आएको यस रोगको सङ्क्रमण अहिले चितवनमा पनि देखिएको हो । कार्यालयकी सूचना अधिकारी विन्दु पौडेलका अनुसार अहिले किसानले गहुँको पात पहेँलो भएको र जरामा कीराले खाएको जस्तो समस्या लिएर आएका छन् । अहिले रोग के हो भन्ने पुष्टि हुन नसकेको उनले बताइन् । उनले भनिन्, 'किसान समस्या लिएर कार्यालय आएका छन्, हामी फिल्डमा गएर अध्ययन गर्ने क्रममा छौँ, अध्ययनपछि मात्रै कुन रोग हो भन्ने पुष्टि गर्न सकिन्छ ।' राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरकी वैज्ञानिक सरस्वती न्यौपाने अहिले नै कुन रोग हो भनेर भन्न सकिने अवस्था नरहेको बताउँछिन् । विषयगत रूपमा अध्ययनको काम नगरी यही रोग भनेर भन्न सक्ने अवस्था नरहेको उनले बताइन् । परीक्षणका लागि नमूना सङ्कलन गर्ने काम भइरहेको उनले बताइन् । जिल्लामा चार हजार सात सय ११ हेक्टर क्षेत्रफलमा गहुँ खेती हुँदै आएको छ ।

गत वर्ष सो क्षेत्रफलमा १५ हजार पाँच सय ७७ मेट्रिकटन गहुँ उत्पादन भएको कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यस वर्ष गहुँ लगाउने ठाउँमा राज्मा खेती पनि गरिएको पाइएकाले केही क्षेत्रफल घट्ने अनुमान गरिएको पौडेलले जानकारी दिए । *-रासस*

# कृषि क्रान्ति गर्ने दलहरूको सपना भोट तान्ने 'कागजका फूल'



फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा निर्वाचनले देशैभरि राजनीतिक पर्वको झल्को दिइरहेको छ । निर्वाचन नजिकिएसँगै साना-ठुला सबै राजनीतिक दलहरूले आफ्ना चुनावी एजेन्डा र घोषणापत्र सार्वजनिक गरिसकेका छन् । नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्रलाई यसपटक सबै दलले प्राथमिकतामा राखेका छन् ।दलहरूका घोषणापत्र हेर्दा लाग्छ- आगामी दश वर्षभित्र नेपाल कृषिमा पूर्णत: आत्मनिर्भर मात्र हुने छैन, ठुलो परिमाणमा निर्यात गर्ने मुलुकको सूचीमा पनि पर्नेछ । तर यी घोषणापत्रहरू केवल भोट तान्ने माध्यम हुन् कि वास्तवमै कृषि क्रान्तिका खाका हुन् भन्ने कुरा हेर्न बाँकी छ । नेपाली कांग्रेसले यसपटक कृषिलाई केवल उत्पादनको क्षेत्र मात्र नभई 'राष्ट्रिय सुरक्षा'को एक प्राथमिक अङ्गका रूपमा परिभाषित गरेको छ । कांग्रेसको प्रतिज्ञापत्रमा आगामी १० वर्षलाई 'कृषि, खाद्य तथा पोषण सुरक्षा दशक'का रूपमा मनाउने संकल्प गरिएको छ । यसले के संकेत गर्छ भने कांग्रेस अब कृषिलाई परम्परागत निर्वाहमुखी शैलीबाट मुक्त गरी एक सुरक्षित र व्यवस्थित क्षेत्र बनाउन चाहन्छ । उत्पादन सुरु हुनुभन्दा अगावै न्यूनतम समर्थन मूल्य तोक्ने प्रतिबद्धताले किसानलाई बजारको जोखिमबाट जोगाउने देखिन्छ । 'खेतबारीदेखि भान्छासम्म' को प्रत्यक्ष आपूर्ति संयन्त्रले बिचौलियाको जालो तोड्ने र उपभोक्ता तथा उत्पादक दुवैलाई फाइदा पुऱ्याउने दीर्घकालीन लक्ष्य राखेको छ । किसानको बैंक खातामा सीधै अनुदान र वित्तीय स्थिरताको सुनिश्चितता कांग्रेसले किसानलाई आर्थिक रूपमा सशक्त बनाउन उत्पादनपश्चात् सिधै बैंक खातामा नगद अनुदान पठाउने नयाँ प्रणालीको प्रस्ताव गरेको छ । यसले विगतमा अनुदान वितरणमा हुने गरेका अनियमितता र वास्तविक किसानले अनुदान नपाउने गुनासोलाई सम्बोधन गर्ने प्रयास गरेको छ । कृषि कर्जामा सहुलियत मात्र होइन, ५ वर्षसम्म ब्याजदर स्थिर रहने 'स्टेबिलिटी क्लज' लागू गर्ने योजनाले किसानलाई वित्तीय सुरक्षाको ग्यारेन्टी दिन्छ । ७७ वटै जिल्लामा माटो परीक्षण र 'माटो स्वास्थ्य कार्ड' को व्यवस्थाले वैज्ञानिक खेतीको आधार तयार गर्नेछ भने 'डिजिटल कृषि' एपमार्फत किसानलाई बजार र मौसमको सूचनामा सिधै पहुँच पुऱ्याइनेछ । सिँचाइमा अनुदान र हिमाल समृद्धिको विशिष्टिकृत योजना सिँचाइलाई कृषिको अनिवार्य सर्त मान्दै कांग्रेसले विद्युत महसुलमा ५० प्रतिशत अनुदान दिने घोषणा गरेको छ । यसले विशेषगरी तराईमा सौर्य सिँचाइ र पहाडमा लिट सिँचाइलाई प्रोत्साहन गरी बाह्रै महिना खेती गर्ने वातावरण बनाउने लक्ष्य राखेको छ । उच्च हिमाली क्षेत्रको विशिष्टतालाई ध्यानमा राख्दै कांग्रेसले 'हिमाल समृद्धि कार्यक्रम' ल्याएको छ, जसले जडीबुटी, स्याउ र चौँरी-भेडा पालनलाई व्यावसायिक बनाउने रणनीति लिएको छ । यसरी भौगोलिक विविधतालाई समेट्दै कांग्रेसले कृषिको बहुआयामिक विकासको खाका प्रस्तुत गरेको देखिन्छ । एमाले: कृषिमा आत्मनिर्भरता र भौतिक पूर्वाधारमा केन्द्रित सोच नेकपा एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली' को आफ्नो मूल नारालाई सार्थक बनाउन कृषिको पूर्ण व्यावसायीकरण र आधुनिकीकरणलाई प्रमुख आधार बनाएको छ । एमालेको घोषणापत्रले आगामी ५ वर्षभित्र प्रमुख खाद्यान्नमा मुलुकलाई आत्मनिर्भर बनाउने ठोस लक्ष्य राखेको छ । यसका लागि 'एग्रो प्रोसेसिङ जोन' र 'लजिस्टिक नोड्स' हरू सञ्चालनमा ल्याइने कुरा उल्लेख छ, जसले उत्पादनपछिको भण्डारण र प्रशोधनको समस्या समाधान गर्नेछ । एमालेले कृषिमा ठुलो लगानी भित्र्याउन परियोजनालाई नै धितो राखेर ऋण दिने क्रान्तिकारी व्यवस्थाको प्रस्ताव गरेको छ, जसले जग्गा नहुने तर सीप भएका युवाहरूलाई कृषिमा आकर्षित गर्न सक्छ । रासायनिक मल कारखाना र बिमाको चर्चा नेपालमा सधैँ अभाव हुने रासायनिक मलको समस्या समाधान गर्न एमालेले स्वदेशमै मल कारखाना स्थापना गर्ने पुरानै तर महत्वाकांक्षी योजनालाई पुन: अघि सारेको छ । कृषि बिमाको प्रिमियममा ९० प्रतिशतसम्म अनुदान दिने घोषणाले प्राकृतिक प्रकोपबाट हुने क्षतिमा किसानलाई ठुलो राहत दिनेछ । प्रत्येक पालिकामा कृषि औजार भाडा केन्द्र खोल्ने योजनाले साना किसानलाई प्रविधिको पहुँचमा पुऱ्याउनेछ । एमालेको भूमि व्यवस्थापन नीतिले 'भूमि बैंक' मार्फत बाँझो जमिन उपयोग गर्ने र चक्लाबन्दीमार्फत सामूहिक खेतीलाई प्रोत्साहन गर्ने स्पष्ट दिशानिर्देश गरेको देखिन्छ । अनुसन्धान र प्राविधिक शिक्षालाई उत्पादनसँग जोड्ने प्रतिबद्धता एमालेले कृषिलाई विज्ञानसँग जोड्न प्रत्येक प्रदेशमा कृषि तथा पशु विज्ञान विश्वविद्यालय र प्राविधिक शिक्षालयको स्थापना गर्ने योजना बनाएको छ । यसले कृषि में दक्ष जनशक्ति उत्पादन मात्र गर्दैन, स्थानीय आवश्यकता अनुसारको अनुसन्धानलाई पनि बढावा दिनेछ । एमालेको यो योजनाले कृषि शिक्षा प्राप्त गरेका युवाहरूलाई आफ्नै देशको माटोमा स्वरोजगार बन्न प्रेरित गर्ने लक्ष्य राखेको छ । सहकारी र सामूहिक खेतीको मोडललाई प्राथमिकता दिँदै एमालेले कृषिलाई एक मर्यादित र नाफामूलक उद्योगको रूपमा स्थापित गर्ने प्रण गरेको छ । नेकपाको वैज्ञानिक भूमिसुधार र समाजवादी कृषि नेपाली कम्युनिस्ट पार्टीले कृषिमा आमूल संरचनागत परिवर्तनको पक्षमा आफूलाई उभ्याएको छ । नेकपाको मुख्य जोड वैज्ञानिक भूमिसुधारमा छ, जसले 'जोताहा किसानलाई भूमिको स्वामित्व' दिने क्रान्तिकारी प्रस्ताव गरेको छ । बाँझो जमिनलाई उत्पादनमा नलगाए राज्यले फिर्ता लिने कडा नीतिले जमिनको अनुत्पादक होल्डिङलाई निरुत्साहित गर्ने लक्ष्य राखेको छ । चक्लाबन्दी र सामूहिक वा सहकारी खेतीलाई अनिवार्य गर्दै नेकपाले कृषिलाई समाजवादको आधार स्तम्भका रूपमा विकास गर्न चाहेको देखिन्छ । प्रविधिको उच्चतम प्रयोग: एआई र न्यानो टेक्नोलोजीको प्रवेश कृषिमा परम्परागत श्रमलाई विस्थापित गर्दै नेपाली कम्युनिस्ट पार्टीले आर्टिफिसियल इन्टेलिजेन्स (एआई), बायो र न्यानो प्रविधिको प्रयोग बढाउने योजना अघि सारेको छ । यो सुन्दा केही काल्पनिक जस्तो लागे पनि भविष्यको कृषिका लागि यो अपरिहार्य रहेको नेकपाको तर्क छ । बजारको सुनिश्चितताका लागि सरकारले नै उचित मूल्यमा सबै उत्पादन खरिद गर्ने ग्यारेन्टीले किसानलाई उत्पादन बढाउन उत्प्रेरित गर्नेछ । स्थानीय सरकारमार्फत उन्नत बीउ र मलको सहज उपलब्धता सुनिश्चित गर्दै कृषि उत्पादकत्वलाई गुणात्मक रूपमा बढाउने नेकपाको रणनीति छ । रास्वपा: डिजिटल कृषि र बिचौलियामुक्त बजार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कृषिलाई नयाँ युगको प्रविधिसँग जोड्दै '१०० आधार' हरू प्रस्तुत गरेको छ । रास्वपाको मुख्य एजेन्डा भनेकै कृषिमा विद्यमान बिचौलिया प्रथाको अन्त्य गर्नु हो । डिजिटल एपमार्फत उत्पादन र मागको तालमेल मिलाउने र किसानलाई सिधै बजारसँग जोड्ने उसको पारदर्शी प्रणालीले किसानको मुनाफा सुनिश्चित गर्ने दाबी गरेको छ । रास्वपाले तथ्यांकमा आधारित कृषि योजनालाई प्राथमिकता दिएको छ, जसले गर्दा कुन क्षेत्रमा के उत्पादन गर्ने र त्यसको बजार कहाँ छ भन्ने कुरा पहिल्यै यकिन हुनेछ । राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठले घोषणापत्रहरूमा किसानको वर्गीकरण र पहिचानको विषय नआएकोमा चिन्ता व्यक्त गरेका छन् । राज्यले वास्तविक किसान को हो र उसलाई कस्तो सहुलियत चाहिन्छ भन्ने नछुट्ट्याएसम्म कृषिमा लगानी बालुवामा पानी हाले जस्तै हुने उनको धारणा छ । भौगोलिक विविधता अनुसारको बाली विविधीकरणको योजना नहुनु र चक्लाबन्दीका कुरा केवल कागजमा सीमित हुनुले किसानहरू अझै पनि अन्योलमा रहेको श्रेष्ठ बताउँछन् । अहिलेको विश्वव्यापी चुनौती जलवायु परिवर्तन भए पनि नेपालका दलहरूले यसलाई कृषि घोषणापत्रमा खासै महत्त्व नदिएको अध्यक्ष श्रेष्ठको ठम्याइ छ । प्राङ्गारिक कृषिको नाम मात्र लिइएको तर त्यसलाई प्रवर्द्धन गर्ने ठोस कार्यक्रम नभएको उनको टिप्पणी छ । साना किसान र सहकारीलाई लगानीमा प्राथमिकता दिनुको साटो दलहरू ठुला र पुँजीवादी मोडेलतर्फ बढी आकर्षित देखिएको उनले औँल्याए । समग्रमा दलका घोषणापत्रहरू भोट तान्ने आकर्षक दस्तावेज त बनेका छन् तर किसानको जीवनस्तर बदल्ने भरपर्दो आधार भने अझै देखिँदैन । निर्वाचनका लागि दलहरूले तयार पारेका कृषि एजेन्डाहरू उन्नत भएपनि महत्त्वकांक्षी भएको किसानहरू बताउँछन् । यदि यी घोषणापत्रको ३० प्रतिशत मात्र इमानदारीपूर्वक कार्यान्वयन हुने हो भने नेपालको कृषि क्षेत्रले नयाँ काँचुली फेर्ने निश्चित रहेको अगुवा कृषक शर्मा बताउँछन् । भन्छन्, 'इतिहासको अनुभवले भन्छ- घोषणापत्रमा लेखिएका कुरा र सरकारमा पुगेपछि गरिने व्यवहारमा आकाश-जमिनको फरक हुन्छ । विज्ञहरूले औँल्याएजस्तै, कार्यान्वयनको स्पष्ट मार्गचित्र र बजेटको सुनिश्चितताबिना यी बुँदाहरू केवल कागजका फूल मात्र हुनेछन् । अबको समय भनेको किसानले दलहरूलाई उनीहरूका प्रतिबद्धतामाथि प्रश्न गर्ने र कार्यान्वयनका लागि दबाब दिने समय हो । निर्वाचनपछिको सरकारले यी घोषणापत्रलाई दराजमा थन्क्याउँछ वा खेतबारीसम्म पुऱ्याउँछ, त्यो भने हेर्न बाँकी नै छ ।'

*-रातोपाटी डटकम*

# तानसेनको पर्यटनका विषयमा विज्ञसँग छलफल



**पाल्पा, फागुन ९**/तानसेनको पर्यटनका विषयमा काठमाडौंमा क्षेत्रगत विज्ञसँग छलफल भएको छ । तानसेन नगरपालिकाको पर्यटन बोर्डको आयोजनामा तानसेनको पर्यटन क्षेत्रका विषयमा छलफल भएको हो ।

नेपाल पर्यटन बोर्डको कार्यालयमा भएको छलफल कार्यक्रममा तानसेन पर्यटन बोर्डले तयार पारेको तानसेन पर्यटन नीति २०८२ माथि सुझाव संकलनसहित छलफल केन्द्रित भएको थियो । छलफलमा तानसेन आफैमा पर्यटकीय नगर भएकाले यसको विकासमा सबै पक्षको सहयोग आवश्यक रहेको औंल्याइएको छ । कार्यक्रममा क्षेत्रगत विज्ञ र कार्यान्वयनकर्ताहरुले तानसेनको पर्यटन विकासले सिंगो देशको नै समृद्धि हुने भएकाले यसको विकासमा सबै लाग्नुपर्नेमा जोड दिए । छलफलमा पुरातत्व विभागसँग मध्यकालिन शहर संरचना, सम्पदाको संरक्षण,व्यवस्थापन र उपयोग, भवन विभागसँग सम्पदायुक्त नगर, संरचना र भवन संहिता, होटल लगानीकर्तासँग तारे र स्तरिय होटल एवं रिजोर्ट सञ्चालन, युएनडिपी, एसजिपीसँग पर्यापर्यटन, श्रीनगर बन अध्ययन-चौडापाते रुख र आकर्षण,सिमसार क्षेत्र एवं जैविकविविधताको संरक्षण र उपयोग एवं कृषि र आयआर्जन, पर्यटन बोर्डसँग प्रभावशाली परियोजनामा लगानी वृद्धि र प्रवर्द्धन गर्ने विषयमा व्यापक छलफल भएको तानसेन पर्यटन बोर्डका सदस्य पदम न्यौपानेले बताए । यस्तै युएनडिपी, एसटीपीसँग तानसेनको ब्राण्डिङ्ग र थप कार्यक्रम, आर्किटेक्ट विज्ञहरुसँग भवन, संरचना वा भौतिक पूर्वाधारको डिजाइन र योजना तयार, ट्राभल सम्बद्धसँग सम्पदा पर्यटन प्रवर्द्धन लगायत एडभेन्चर टुरिजम, स्पोर्टस टुरिजम, धार्मिक र आध्यात्मिक टुरिजम, ग्रामीण पर्यटन, शहरी क्षेत्रमा होमस्टे, गाईडहरुसंग आधारभूत आवश्यकता लगायतका विषयमा छलफल र सम्वद्ध विज्ञहरुसँग अनुरोध समेत गरिएको न्यौपानेले जानकारी दिए । छलफलमा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, उपप्रमुख प्रतिक्षा सिंजाली, प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरी, सहरी विकास मन्त्रालयका उपहानिर्देशक एकराज अधिकारी, नेपाल पर्यटन बोर्डका अनुसन्धान महाशाखाका प्रमुख लक्ष्मण गौतम, पर्यटन बोर्डका बजार महाशाखाका प्रमुख सुनिल शर्मा, पर्यटन बोर्ड संचालक समितिका सदस्य नरेन्द्र देव भट्ट, पुरातत्व विभागका विश्व सम्पदा शाखाका प्रतिनिधि, युएनडिपी साना अनुदान कार्यक्रमका राष्ट्रिय कार्यक्रम संयोजक विवेक शर्मा, सिद्धार्थ ग्रुप अफ हस्पिटालिटी अध्यक्ष लक्ष्मण न्यौपाने, युएनडिपी दिगो पर्यटन कार्यक्रम प्रमुख धर्म दवाडी तानसेन पर्यटन बोर्डका सदस्य जयन्त भुसाल लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

## मतदाता भन्छन्...

..."मैले धेरै चुनावमा भाग लिए, चुनाव जितेकाहरुले केही गर्दैं नगरेका त होइनन्, तर उनीहरुले जति गर्नुपर्ने हो त्यति गरेनन्, अब आउने नेतृत्वले हरेक नागरिकको समस्या बुझ्ेको हुनु पर्छ", उनले भने, "आफ्नो पार्टीका मान्छेलाई काखा अरूलाई पाखा गर्ने विभेदी नेता हुनुहुँदैन, नि:स्वार्थी भावको नेतालाई जिताउन जरुरी हुन्छ ।" पोखरेलले विगतमा जिताएर पठाएकाले केही नगरेपछि यस पटक भने नयाँ अनुहार, युवा र गाउँको समस्या बुझ्ेका उम्मेदवारलाई भोट दिने बताए । मतदातालाई भेट्न घरदैलोमा पुगेका नेपाली कांग्रेसका पाल्पा क्षेत्र नं. २ का उम्मेदवार हिमालदत्त श्रेष्ठ समक्ष ति क्षेत्रका स्थानीयले विगतमा धेरै आश्वासन सुनिएको तर अपेक्षित विकास हुन नसकेको गुनासो व्यक्त गरेका । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत आवश्यकता अझै अधुरै रहेको उनीहरूको भनाइ थियो । गुनासो सुनेपछि उम्मेदवार श्रेष्ठले नागरिकका समस्यालाई गम्भीरतापूर्वक लिएको बताउँदै जनताको आवश्यकताअनुसार विकासका लागि आफुले पहल गर्ने बताएका छन् । "हामी निर्वाचनका बेला आश्वासन दिन होइन, यहाँहरुका समस्या बुझ्ेर समाधानका लागि काम गर्न उम्मेदवार बनेर आएका हौं " उनले भने "विगतका नेताहरुले निर्वाचनका बेला आश्वासन बाँढेका होलान् तर काँग्रेसले काम गरेर देखाउन्छ । म तपाईहरुको सेवक बनेर काम गर्न आएको छु । निर्वाचनमा रुख चिन्हमा मत दिएर विजयी गराउन म यहाँहरुलाई आग्रह गर्छु ।" उनले काँग्रेस बदलिएर आएकाले एक पटक काँग्रेसका उम्मेदवारहरुलाई विजयी गराएर देशको नेतृत्व सम्हाल्ने अवसर प्रदान गरिदिन पनि आममतदाताहरुलाई आग्रह गरेका छन् । श्रेष्ठले पाल्पा क्षेत्र न. २ को शिक्षा, स्वास्थ्य र सिचाइ मुख्य चुनौती रहेको र यहाँको जग बलियो बनाउन आफुलाई विजयी बनाउन मतदातालाई भनेका छन् । निर्वाचनपछि पछि बन्ने नेपाली काँग्रेसको सरकारले गाउँमै कृषि, घरेलु उद्योगहरुको स्थापना गरी युवाहरुलाई उद्यमीशीलता र रोजगार प्रदान गर्ने समेत श्रेष्ठले उद्घोष गरे । पाल्पा क्षेत्र नं. २ बाट उम्मेदवार बनेका नेकपा एमालेका ठाकुर गैरे, नेपाली कम्युनिष्ट पार्टीका सोमप्रसाद पाण्डेय, राष्ट्रिय स्वतन्त्र पार्टीका माधव बहादुर थापा, राष्ट्रिय जनमोर्चाका विशाल दर्लामी, राष्ट्रिय प्रजातन्त्र पार्टीका डुलबहादुर कुँवर, नेशनल रिपब्लिक नेपालका देवप्रसाद श्रेष्ठ, सार्वभौम नागरिक पार्टीका रामबहादुर अस्लामी, जनता समाजवादीका खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिका टोपबहादुर अस्लामी, मंगोल नेसनल अर्गनाईजेसनका मानबहादुर दर्लामी, नेपाल कम्युनिष्ट पार्टी( माओवादी)का विष्णु ठडराई, प्रगतिशिल लोकतान्त्रिक पार्टीका बोधराज जैसी, नेपाल मजदुर किसान पार्टीका कृष्ण सोभा मुस्याख्व स्वतन्त्रबाट मोहन कुमार थापा र केशवप्रसाद बस्याल लगायतका उम्मेदवारहरु मतदाता भेट्न घरदैलो कार्यक्रममा व्यस्त छन् ।

## पाल्पामा उच्च सुरक्षा...

...मतदान स्थलमा उत्तेजित भिडलाई रोक्ने, सम्झाउने बुझाउने देखी आवश्यक परे अन्य सुरक्षा निकायको सहयोग लिई मतदान स्थल र मतदाताको सुरक्षा सुनिश्चित गर्न नेपाल प्रहरी खटिएको हुन्छ । तानसेनमा भएको सुरक्षा चुनौती नमुना अभ्यासले फिल्डमा खटिने प्रहरीको मनोबल बढाएको, समन्वय र आपसी सहकार्यमा स्मरण गराएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक दिपेन्द्र पञ्जीयार थारुले बताए । पाल्पामा कुनै पनि प्रकारका निर्वाचन विरोधी सुरक्षा क्रियाकलाप र सुरक्षा चुनौतीलाई निस्तेज पार्न सक्षम छौं भन्ने गरी जनतामा शान्ती सुरक्षाको प्रत्याभुती दिएको प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुवँरले बताईन् । नमुना मतदानमा स्थानीयवासीको पनि सक्रिय सहभागीता रहेको थियो । जेष्ठ नागरिकदेखी, महिला तथा पहिलो पटक मतदानमा सहभागी मतदाताहरुले समेत नमुना मतदान गरे । सहभागी स्थानीय बासिन्दाहरूले यस अभ्यासबाट मतदान गर्ने सही तरिका र सुरक्षा व्यवस्थाबारे स्पष्ट जानकारी पाएको स्थानीय मतदाता पुरुषोत्तम गैरेले बताए । नमुना मतदानमा सहभागी सर्वसाधारणलाई साँच्चै नै मतदानको दिन फागुन २१ गते नै आए जस्तो भएको थियो । मतपत्र कसरी लिने, स्वस्तिक छाप कहाँ र कसरी लगाउने अनि मतपत्रलाई नबिग्रने गरी कसरी पट्याउने भन्ने कुरा प्रष्टसँग सिकेको नमुना मतदानमा सहभागी मखनमाया गुभाजु बज्राचार्यले बताईन् ।

## खेलकुद समाचार

### जय ट्रफीमा आर्मी र एपीएफको विजयी शुरुआत



**काठमाडौं**, फागुन ९/जय ट्रफी एलिट कप अन्तर्गतको दुईदिवसीय क्रिकेटमा त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपीएफ क्लबले विजयी शुरुआत गरेका छन् । कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा भएको पहिलो खेलमा आर्मीले साविक विजेता नेपाल पुलिस क्लबलाई ९ विकेटले हरायो । पुलिसले दिएको ४२ रनको लक्ष्य आर्मीले १ विकेट गुमाएर भेटायो । आर्मीका कुशल मल्लले २४ बलमा नटआउट ४२ रन बनाए । पुलिसका ललित राजवंशीले १ विकेट लिए । दोस्रो पारीमा पुलिस ८८ रनमा अलआउट भएको थियो । पुलिसका कुशल भुर्तेलले ४८ रन बनाए । आर्मीका बसिर अहमदले ४, कुशल मल्लले ३ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको पुलिसले पहिलो पारीमा ८ विकेट गुमाएर १८७ रन बनाउँदा पारी समाप्तिको घोषणा गरेको थियो । पुलिसका रशिद खानले ३८, कप्तान आरिफ शेखले ३६ रन बनाए । आर्मीका पवन कार्कीले ४ विकेट लिए । आर्मीले पहिलो पारीमा ९ विकेट गुमाएर २३४ रन बनाउँदा पारी समाप्तिको घोषणा गरेको थियो । आर्मीका भीम सार्कीले नटआउट १०५ रन बनाए । पुलिसका सागर ढकालले ६ विकेट लिए । यस्तै मूलपानी क्रिकेट मैदानमा भएको दोस्रो खेलमा एपीएफले बागमती प्रदेशलाई ८ विकेटले हरायो । बागमतीले दिएको १३७ रनको लक्ष्य एपीएफले २ विकेट गुमाएर भेटायो । एपीएफका आसिफ शेखले ५९, कप्तान रोहित पौडेलले नटआउट ५६ रन बनाए । बागमतीका रिजन ढकाल र सूर्य तामाङले १/१ विकेट लिए ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### बढ्यो वैदेशिक व्यापार घाटा




**काठमाडौं**, फागुन ९/चालु आर्थिक वर्षको प्रथम सात महिनामा वैदेशिक व्यापार घाटा बढेको छ । यो अवधिमा मुलुकले नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ ।

भन्सार विभागका अनुसार समीक्षा अवधिमा ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ । भारतसँग बितेका सात महिनामा छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ । चीनसँग दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र ९० करोड एक लाख बराबरको निर्यात हुँदा दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ । विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ । व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा पाँच करोड ५२ लाख, नर्वेसँग तीन करोड ३३ लाख र आइसल्याण्डसँग दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ । पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । यो अवधिमा ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ । यसैगरी, ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ । बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ ।


**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।**

-गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।

- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।

-निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।

-निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।

-एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवार विरुद्द कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई